# लिम्बू जातिमा धाननाच

धनबहादुर सुब्बा (पन्धाक)
कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा, झापा, नेपाल
email: pangdhakworld@gmail.com
https://doi.org/10.3126/kj.v4i1.86144

## लेखसार

यस अध्ययनमा लिम्बू जातिको संस्कृतिमा पर्वका रूपमा मनाइँदै आएको याःलाङ (धाननाच) को विकासक्रम, गायन प्रक्रिया र भावको खोजी गरिएको छ । यो गुणात्मक अनुसन्धान भएको हुँदा पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गरी व्याख्या र विश्लेषण गरिएको छ । याःलाङ नाच्नुभन्दा पहिले ख्याली प्रस्तुत गरी साइनो सम्बन्ध केलाइन्छ । साइनो-सम्बन्धले छोएमा याःलाङमा सहभागिता बर्जित छ भने साइनो नलागेमा मात्र पालामका साथ याःलाङ नाचिन्छ । लिम्बू जाति संस्कृतिका विद्वानहरूको मतलाई प्रथम र द्वितीय स्रोत मानी सैद्धान्तिक अवधारणाका साथ लिम्बू जातिमा याःलाङको विशेष महत्त्व भएको निष्कर्ष निकालिएको छ ।

***शब्दकुञ्जी* :** ख्याली, तुम्याहाङ, पालाम, फेदाङ्मा, मुन्धुम, याःलाङ

## विषय प्रवेश

नेपाल एक बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र बहुभाषिक देश हो (नेपालको संविधान, २०७२ प्रस्तावना) । यहाँ बसोबास गर्ने नागरिकहरूको आ-आफ्नै संस्कार, संस्कृति र त्यसै अनुरूपको वेशभूषा रहेको पाइन्छ । नेपाल भौगोलिक दृष्टिले भूपरिवेष्टित मुलुक हो । भौगोलिक विकटताको कारण एक ठाउँको रहन सहन अर्को ठाउँमा अलग रहनु यहाँको विशेषता मानिन्छ । नेपालको अर्को सवल पक्ष भनेको हाम्रो देशको विविधता  र त्यसभित्रको एकताले नै हामी परिचित छौं । यस्तै विविधताका माझमा पनि नेपाली जातजाति सहिष्णु, उदार र गुणग्राही रहँदै आएका हुन् । नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद देवकोटाले बताएअनुसार सुन्दर, शान्त  र विशाल देश नेपालमा निवास गर्ने हामी प्रकृतिपूजक, हिन्दु, बौद्ध, मुस्लिम, इसाई, सिख, जैनलगायतका धर्म सम्प्रदाय र दर्शनमा आस्था राख्ने र अनीश्वरवादी वा भौतिकवादीसम्म यसै देशमा आ-आफ्नो ढङ्गबाट मिलेर बसेका छौं (khabarhub.com) । नेपाली संस्कृति उदार, गुणग्राही र समन्वयशील भएर सबैका असल संस्कारलाई मिलाउनु सक्नु नै नेपाली जातिको पहिचान हो ।

लिम्बू जातिको सांस्कृतिक सम्पत्ति ‘धाननाच’ लोप हुँदै गएको बर्तमान अवस्थालाई विचार गरी यसको संवर्द्धन, संरक्षण, प्रचारप्रसार गर्न नसकिएको हुँदा अध्ययनको समस्याको रूपमा प्रस्तुत गरिएको छ । धाननाच सम्बन्धमा विभिन्न अध्ययनहरू भए तापनि वर्तमान युवापीढिमा हस्तान्तरण गर्ने रणनीति तयार नहुनुले यस अध्ययनमा सो रिक्तता पूर्ति गर्ने उद्देश्य राखिएको छ ।

## लिम्बू जातिको परिचय

लिम्बू जाति प्राचीनकालदेखि बसोबास गर्दै आएको छुट्टै संस्कार र संस्कृति बोकेको जाति हो । लिम्बू जातिको ग्रन्थलाई मुन्धुम भनिन्छ । यसैलाई 'साम्जिक मुन्धुम' पनि भनिन्छ । यसै ग्रन्थका आधारमा यस जातिले विभिन्न अनुष्ठान र संस्कार गर्दछन् । मानिस जन्मेदेखि मृत्युपर्यन्त गरिने सबै प्रकारका संस्कार तथा कर्महरू यसैका आधारमा रहेर गर्ने गरिन्छ । यस्तै लिम्बू जातिको आफ्नै संस्कार, संस्कृति रहे जसरी नै आफ्नै भाषा पनि रहेको छ । यस जातिलाई 'याक्थुङ्बा' र भाषालाई लिम्बू भाषामा 'याक्थुङ-पाःन् वा याक्थुङ्बा-पान' भनिन्छ । यस भाषा चिनियाँ-तिब्बती भाषा परिवार अन्तर्गत पर्दछ (चेम्जोङ, २०५९, पृ.९) । लिम्बू जाति नेपाल राज्यको पूर्वी भागमा बसोबास गर्दछन् । विशेषगरी ताप्लेजुङ्ग, पाँचथर, धनकुटा, तेह्रथुम, इलाममा बहुसङ्ख्यक बसोबास छ भने सुनसरी, मोरङ, झापा र संखुवासभा क्षेत्रमा पनि बसोबास गरेको पाइन्छ । यस जातिले लिःबुङ (मलबाँस) बाट लिःतोङ् (धनुकाँड), गुलेली तयार गरी त्यसै लिःतोङ, गुलेलीबाट लडाईं जितेको हुनाले लियावुआङ्ग अर्थात् गुलेलीले नै राज्य जितेको क्षेत्र भन्ने प्रसङ्गबाट लिम्बुवान भएको कथन पनि छ । यसरी यस ठाउँमा बसोबास गर्दै जाँदा कालान्तरमा यहाँ बसोबास गर्ने समुदाय लिम्बू भएको कथन समेत पाइन्छ (थेबे, २०७२, पृ. ५२/५३) भनी अनुसन्धान कर्ताले समेत पुष्टि गरेका छन् ।

नेपालभित्र चार वटा भाषा परिवार प्रयोगमा छन् । ती भाषा परिवार अन्तर्गत भारोपेली भाषा परिवार, भोट बर्मेली भाषा परिवार, आग्नेय भाषा परिवार र द्रविड भाषा परिवार पर्दछन् । लिम्बू भाषा भोटबर्मेली परिवारको पूर्वीय शाखा अन्तर्गत बोडिक उपशाखाको हिमाली वर्गको पूर्वी किराँती भाषा हो । यसलाई चिनियाँ भोट तिब्बती भाषा पनि भनिन्छ । लिम्बू भाषा भोट बर्मेली भाषा परिवारको एक नेपालमा बोलिने भाषा हो ।

लिम्बू भाषा अन्तर्गत चार प्रकारका भाषिकाहरू प्रचलनमा छन् । त्यसमध्ये 'पाँचथरे' भाषिका नेपालको ताप्लेजुङ जिल्लाको याङ्रोक, धनकुटाको चौबिस थुम, इलाम र पाँचथर जिल्ला तथा विदेशमा पनि बोल्ने गरेको पाइन्छ । त्यस्तै अर्को भाषिका 'फेदाप्पे' हो । यो भाषिका खासगरी तेह्रथुम जिल्लामा बोलिन्छ । यो भाषा लेखपढ गर्ने लिम्बू जातिहरूको ठूलो सङ्ख्याले बोल्ने गरेको पाइन्छ । त्यस्तै अर्को भाषिका 'तमरखोले' हो । यसको प्रयोग ताप्लेजुङ जिल्लाको तमरखोला र त्यसको आसपासको क्षेत्रमा बसोबास गर्ने लिम्बूहरूको ठूलो सङ्ख्याले प्रयोग गर्ने गरेको देखिन्छ । अन्तिम भाषिकाको रूपमा 'छथरे' भाषिका पर्दछ । यो भाषिका धनकुटा जिल्ला, तेह्रथुम जिल्लाको दक्षिण पश्चिमी क्षेत्र दाङ्प्पा, छथर-पोखरी, हमरजुङ र ओखरबोटेतिर विशेष रूपमा प्रयोग गर्ने गरेको देखिन्छ (चेम्जोङ, २०६७, पृ.१०-११) यसरी नेपालको पूर्वी भेगमा लिम्बू भाषा विभिन्न भाषिकाका रूपमा प्रयोग हुँदै आएको पाइन्छ ।

## लिम्बू जातिको संस्कृति

संस्कृति भनेको समाजमा प्रचलित प्रणाली हो, जसबाट मानव समुदायले दिशा निर्देशन हुने विषयहरू प्राप्त गर्दछन् । सामुहिक जीवन पद्धतिका रूपमा लिइने र एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुने प्रक्रिया संस्कृति हो । नेपाली बृहत् शब्दकोश (२०६७) काअनुसार 'कला, सङ्गीत, साहित्य, इतिहास, भाषा, धर्म,

दर्शन आदि विभिन्न विषय वा मूल्य परम्पराको समष्टि' नै संस्कृति हो (पृ. १२०९) । लिम्बू जातिको संस्कृति अन्तर्गत धेरै प्रकारका संस्कार रहे पनि यस्तै महत्त्वपूर्ण सांस्कृतिक अवसरका रूपमा धाननाच ( याःलाङ) को आफ्नै प्रकारको महत्त्व रहेको छ । प्राचीन कालमा धान बाली थन्काउन खेतालाको कमी भएको बेला ओल्ला गाउँ र पल्ला गाउँका युवायुवती भेला भएर धान माड्दै, गाउँदै र नाच्दै काम गर्ने भएकाले यस नाचको नाम धाननाच रहन गएको हो (थापा, २०७८, पृ.४७) । आज आएर यो नाच हाटबजार, विवाहलगायत विभिन्न उत्सवहरूमा जमघट भई नाच्ने गरिन्छ । यस नाचमा केटा र केटीले हात समाउँदै यता उति फर्कंदै नाच्ने गर्दछन् । यसै नाचमा 'लाम्बा तान्ने' चलन पनि भएकोले थोरै कुदेर र थोरै उफ्रेर नाच्ने गरिन्छ । थापाका अनुसार यस नाचमा मौलिक गीत गाउने चलन छ जसलाई पालाम भनिन्छ । यो नाच नाच्ने युवायुवतीहरूले नाच्नुभन्दा अगाडि साइनो सम्बन्ध केलाउनु पर्ने आवश्यक भएकोले ख्यालीको माध्यमबाट साइनो केलाउने काम गरिन्छ । यसरी साइनो सम्बन्ध केलाउँदा यदि साइनो सम्बन्ध लागेको खण्डमा ढोग भेट गरेर धान नाचमा सहभागिता नजनाउने परम्परा छ । साइनो नलाग्ने युवायुवती माझ मात्र धाननाच नाच्ने अनुमति रहेको पाइन्छ ।

लिम्बू जातिको आफ्नै प्रकारका रीतिरिवाज र चाड पर्व रहेका छन् । यो जातिमा विवाह गर्दा जन्ती जाने प्रचलन छैन । बेहुलाको घरमा नै लोकन्ती (केटीहरू) बेहुली लिएर जाने रमाइलो प्रचलन छ । अर्को रमाइलो प्रसङ्ग के छ भने बिहेको लगन कहिल्यै पनि दिउँसो हुँदैन, रातिको मात्र हुने गर्दछ । यस जातिमा कुनै पनि काम गर्दा बन्दुक पड्काउने प्रचलन छ । यसरी बन्दुक पड्काउँदा शुभ र अशुभ कार्यमा फरक-फरक सङ्ख्यामा पड्काउने चलन छ । स्वागत गर्दा अर्थात् शुभ कार्यमा जोर बन्दुक पड्काएर हाङ्वा माङ्वा ( आशीर्वाद दिनु वा शक्ति दिनु-लिनु) दिने प्रचलन छ भने अशुभ कार्यमा बिजोर बन्दुक पड्काएर सङ्केत गर्ने प्रचलन रहेको छ । यसरी बन्दुक पड्केको आवाजबाट शुभ वा अशुभ कार्य भन्ने सजिलै अन्दाज लगाउन सकिन्छ । बन्दुक लिम्बू जातिको सांस्कृतिक पहिचान बोकेको हतियार हो । अहिले पनि लिम्बू जातिको घरमा बन्दुक राख्ने प्रचलन कायमै रहिआएको छ (बराल र तिगेला, २०६४, पृ.२७) लिम्बू जातिमा आज पनि वैवाहिक कार्यक्रम रात्रीकालमा नै हुने प्रचलन छ ।

लिम्बू सांस्कृतिक परम्परामा लोक गीत, लोक बाजा, कला, साहित्य, इतिहास, धर्म, भाषा, दर्शन, खानपान, लवाइखुवाइ, जीवनपद्धति, लोकविश्वास, लोकनृत्य, लोकसाहित्य आदि लिम्बू जातिका संस्कृति हुन् भनी बुझ्नु सान्दर्भिक हुन्छ ।

लिम्बू जातिमा विविध चाड पर्वहरू मनाउने गरेको पाइन्छ । विशेषगरी चासोक तङ्नाम (न्वागी पर्व/पूजा) धुमधामसँग मनाउने प्रचलन रहेको छ । त्यस्तै अर्को संस्कृति कक्फेवा तङ्नाम (माघे सङ्क्रान्ति/चाँप फूल्ने महिना) तरुल, भ्याकुर खाएर विभिन्न मेलामा भेला भई याःलाङ् (धाननाच) नाचेर यस जातिले मनाउने विशेष चाड हो । त्यसरी नै सिसेक्पा तङ्नाम (साउने सङ्क्रान्ति) मा बाबियोको डोरी बाटी त्यसमा बिभिन्न प्रकारका फूलहरू, मकैको झुत्ता, कुकुर डाइनेको पात आदि लगाएर दैलोको माथि टाङ्ने र बेलुका नाङ्लो ठटाउँदै लुतो फालेर मनाउने गर्दछन् । यस्तै याक्वा पूजा (उभौली पूजा) पनि अर्को विशेष तरिकाले मनाउने चाड हो । त्यस्तै अर्को यूमा साम्माङ (बुढी बोजू) र थेवा साम्माङ (बुढो बाजे) लाई मुख्य

कुल देवदेवीको रूपमा पूजा अर्चना गरी मनाउने गरिन्छ । यसै अवसरमा फक्ताङलुङ हिमालको पनि पूजा गर्ने प्रचलन छ । फक्ताङको अर्थ काख र लुङको अर्थ ढुङ्गो हुन्छ । यसको अर्थ देवताको काखमा हामी बसेको भनी पूजा अर्चना गरिन्छ । लिम्बू जातिको संस्कृतिमाथि प्रकाश पार्दै मिक्वा (२०५८) ले भनेका छन् लिम्बू जातिको संस्कृति अन्तर्गत बढी मात्रामा मान्ने गरेको विविध चाड तथा पर्वमध्ये आफ्नो जातिको पहिचान प्रस्तुत गर्दै वेशभूषाका माध्यमबाट समाजमा प्रदर्शन हुँदै आएको एक विशेष प्रकारको गायनसँगै नाच प्रस्तुत गर्ने पर्व वा चाडका रूपमा मनाउँदै आएको याःलाङ पनि हो । यसलाई चुड्के वा ओंठे जवाफमा समेत लिने गरेको पाइन्छ (पृ. ६७) ।

## याःलाङ (धाननाच) को सैद्धान्तिक अध्ययन

लिम्बू जाति संस्कृतिमा धान नाचलाई विशेषत खुशी र हर्ष साटासाट गर्ने पर्वका रूपमा मनाउने प्रचलन रहेको छ । यसको व्युत्पत्ति 'याः' भन्नाले 'धान' र 'लाङ' भन्नाले 'नाच' भन्ने हुन्छ । यसरी लिम्बू भाषाको 'याः' धातुमा 'लाङ' प्रत्यय लागेर याःलाङ (धाननाच) शब्दको व्युत्पत्ति भएको पाइन्छ । धाननाच युवायुवती मात्र नभएर विवाहित महिला पुरुषहरूले समेत तुम्याहाङ (भद्रभलाद्मी) हरूको रोहवरमा आफूलाई इमान्दार लागेको महिलासँग पुरुषले र पुरुषसँग महिलाले दिल खोलेर नाच्ने प्रचलन रहिआएको पाइन्छ । परापूर्वकालमा धान नाचमा पालामले जितेर पुरुषले महिलालाई तानेर लाने चलन समेत लिम्बू जातिमा रहेको देखिन्छ । धाननाच सँगसँगै पालाम गाउने र पालाम गाउँदा पालाम गाउनेले हरेक पालामको अन्तिम भाग दोहोरिने र उक्त दोहोरिएको भागमा पुरुषले गाएको भए महिलाले र महिलाले गाएको भए पुरुषले सघाउनु पर्ने हुन्छ । यसरी गाउँदै नाच्दै जाने क्रममा एक अध्याय सिद्धिएपछि पालो दिने चलन छ । धाननाच नाच्दा महिला र पुरुषहरूले हातको थोरै औंला वा महिलाको मजेत्रोको छेउ समाएर नाच्ने गरिन्छ । यो नाच नाच्ने क्रममा महिलाको गोडामा पुरुषको गोडाले र पुरुषको गोडामा महिलाको गोडाले लागेमा दश औंला जोडेर ढोगभेट गरी माफी माग्ने संस्कार छ । धाननाच उठान भइसकेपछि एकै पटकमा नसके थाती राखेर अर्को भेटमा पुनः जहाँ पुगेर विश्राम लिएको हो त्यहींबाट सुरु गर्ने पनि चलन रहेको पाइन्छ (हेल्लोक, २०७३, पृ.४१) यसको अर्थ दुवै पक्षले (महिला पुरुष) माफी माग्नु शिष्टताको झलक पनि हो ।

धाननाच लिम्बू जाति (याक्थुङ) को एउटा प्रसिद्ध र लोकप्रिय लोक नृत्य हो । यसलाई लिम्बू भाषामा याःलाक्मा पनि भनिन्छ । यो नृत्य पूर्वी नेपालमा मात्र होइन, छिमेकी राष्ट्र भारतको दार्जिलिङ, कालिम्पङ तथा सिक्किम क्षेत्रमा बसोवास गर्ने लिम्बू जातिमा पालाम गीत गाएर हात समाउँदै नाच्ने गरेको पाइन्छ । हाम्रो मुलुकको सन्दर्भमा पर्यटन प्रवर्द्धन गर्नमा मौलिक संस्कृतिको रूपमा धाननाचको विशेष योगदान रहेको छ । ख्यालीको माध्यमबाट नाता सम्बन्ध केलाउँदै पालाम गाएर युवा युवतीहरूले मौलिक पहिचान झल्काउँदै सवाल जवाफका साथ हात समाती गोलबद्ध भएर नाचिने एक प्रकारको रमाइलो नृत्य धान नाच हो (थापा, २०७८, पृ.४७) यो नाच आज साँस्कृतिक नाचको रूपमा चलिसकेको छ ।

लिम्बू जातिको लोकप्रिय मौलिक नृत्य धाननाचबाट प्रभावित बन्दै र लिम्बू जातिको बसाइँलाई मूल्याङ्कन गर्दै लाप्चा जाति समेत लिम्बू जातिसँग घुलमिल हुन आएको देखिन्छ । भारतको दार्जिलिङ, सिक्किम क्षेत्रमा लिम्बूहरूको बाहुल्यता रहेको छ । यो जाति अत्यन्त सहयोगी र मनकारी भएका कारण लाप्चा जातिसँग विशेष सम्बन्ध रहेको बुझिन्छ । लाप्चाहरूको भनाइअनुसार र लिम्बूहरूले स्वीकारेबमोजिम लाप्चाको एक सय थरी बराबर पचास भन्दा बढी थर लिम्बूको थरसँग मिलेको छ । ती लिम्बू वंशावली अध्ययन गर्दै जाँदा लाप्चा पनि लिम्बू भएको निष्कर्ष देखिएको छ । यसरी लाप्चाहरूको पुर्खा समेत लिम्बू नै भएको हुँदा लिम्बू जातिको धाननाचबाटै लाप्चा जातिमा प्रभाव परेको देख्न सकिन्छ । लक्सम र थाम्सुहाङको पुर्खा लिम्बू नभएर लाप्चामा गएको पनि देखिन्छ । यसरी केही लाप्चा लिम्बू बनेको र केही लिम्बू लाप्चा भएको अध्ययनकर्ताले प्रमाणित गरेका छन् (फक्ताङ्लुङ, २०७१, पृ.६९) एक जाति र अर्को जाति बीच अन्योन्याश्रित सम्बन्ध रहेको बुझिन्छ ।

धाननाच ख्यालीका माध्यमबाट सुरुवात गरिन्छ । यसको माध्यमबाट प्रेमी र प्रेमिकाहरूका बीचमा साइनो सम्बन्ध केलाउने गरिन्छ । यो हाँसखेलका रूपमा व्यक्त गरिन्छ । युवायुवतीले यसलाई प्रेमपूर्ण अभिव्यक्तिका रूपमा प्रस्तुत गर्दछन् । सरल र सरस अभिव्यक्तिका साथ प्रस्तुत हुने र प्रेमलाई बढी महत्त्वकासाथ प्रस्तुत गर्ने हुनाले यसलाई ख्याली भनिएको हो । ख्याली पनि पूर्व र पश्चिममा दुई भाकामा गाइन्छ । विशेष गरी साविक गण्डकी, भेरी र लुम्बिनी अञ्चलमा एक प्रकारको ख्याली प्रस्तुत छ भने नेपालको पूर्वी भागमा अर्कै प्रकारको भाका प्रस्तुत गर्ने प्रचलन छ । धाननाच नाच्नु पूर्व ख्यालीका माध्यमबाट साइनो सम्बन्ध केलाउने गरिन्छ । यसरी ख्यालीका माध्यमबाट केलाइएको नाता सम्बन्धमा साइनो लागेको खण्डमा याःलाङ नाच्न निषेध भएको हुँदा मर्यादित ढङ्गले ढोग भेट गरी ननाचीकन छुट्ने गरिन्छ (बन्धु, २०७१, पृ. १३०) यसले नाता र सम्बन्धमा एक अर्का बीच पारस्परिक रूपमा बाध्ने काम समेत गर्दछ ।

नेपालका पूर्वी जिल्लाहरू (पाँचथर, ताप्लेजुङ, धनकुटा आदि) का लिम्बू समुदायमा ख्याली मनोरञ्जनका साथै धार्मिक तथा सांस्कृतिक परम्परालाई जोगाउने एउटा महत्त्वपूर्ण सांस्कृतिक परम्पराको रूपमा समेत गाइने गरिन्छ । घरमा आएका सम्मानित पाहुनाहरूलाई हेना ममाः अथवा सम्मान प्रकट गर्ने माध्यम पनि ख्याली हो । यसरी दशगोत्र काज किरियाको कर्ममा भेला भएका पाहुना-पाहुना बीच ख्याली भन्ने प्रचलन छ । शुद्याइँ सकेपछि जुठोमा परेका थाङ्बेन मेन्छ्चा (तन्नेरी, तरुनी) हरू पनि ख्याली भन्ने गर्दछन् । यिनीहरु भेट भएर धान नाच्नु अघि साइनो केलाउनका लागि ख्यालीका माध्यमबाट संवाद गर्छन् । ख्याली प्रस्तुत गरी सकेपछि साइनो नलाग्ने टुङ्गो लागेमा धान नाची माया पिरती गाँस्न समेत सकिन्छ (तुम्याहाङ, २०५९, पृ.२८) यसरी माया पिरती लाउन समेत धान नाचको विशेष भूमिका रहेको छ ।

लिम्बू जातिमा पाहुनालाई चिया पानी वा भोजन गराउँदा गरिने सत्कारलाई हेनाः भनिन्छ । यसलाई पद्यात्मक ढाँचामा प्रस्तुत गरिन्छ । यो सम्बोधन गरिने श्लोकको एउटा नमूना पनि हो । यसमा पाहुनालाई भोजन, चिया खाजा दिँदा तुम्याहाङ (जेठो पाकोका साथै बुद्धिजीवि) द्वारा यसरी प्रस्तुत गरिन्छ :

| **हेनाममा (सत्कार गर्नु)** | *नेपाली अनुवाद* |
|---|---|
| ए सगिः बुङ्मान् लिङ् मेदेत्तिन्, | सिस्नोको बोट चढ्न सकिँदैन, |
| तुख्खे चामाग चिङ् मेदेत्तिन् । | दुःख पाउनु लुकाउन सकिँदैन । |
| ए चानुः  भगर लोभैले, | मिठो भए लोभैले, |
| चाः भेन्गर अखे शर्मैले । | नमिठो भए शर्मैले । |
| मुठ्ठीथिक थिइन, मानालि च्वाइन्, | एक मुठ्ठी छोक्रा, चार माना पानी, |
| पिमानु चामा ताफिन् । | दिनेलाई भन्दा खानेलाई हानी । |
| अखेः तोम्ना आङ् ने, आदाङ्बा ⁄ आदाङ्मा से, | यसो टक्राएका छौं हजुरहरू, |
| ए... हुक्सोगेन् सेवारो आदाङ्बा ⁄ आदाङ्मा से । | हातको शोभा नमस्कार है हजुरहरू । |

पाहुना पक्षबाट पनि यसरी हात जोड्दै जवाफ फर्काउने चलन पनि छ :

| | |
|---|---|
| मिक्किल्ले निसु आङ्, सिक्किल्ले मेधरुन्, | आँखाले देखेपछि मनले थाम्दैन, |
| केतोन्दुम्बान् चाः थिः हाः लाप्ना रो । | टक्राउनु भएको खाना पानी लियौं है । |

हजुरहरूले टक्राउनु भएको खाना पानी लियौं है भन्दै दुवै हात जोडेर ग्रहण गर्ने चलन छ । यसरी सुरू गरिएको बोलचाल अन्ततः ख्यालीको रूपमा परिणत गर्ने चलन छ । मेन्छ्या ⁄ थाङ्बेन (तरुनी ⁄ तन्नेरी) द्वारा ख्याली निरन्तर खाना खाई सकेपछि पनि अगाडि बढाएर साइनो सम्बन्ध नलागेको खण्डमा धान समेत नाच्ने प्रचलन छ । यो संवादात्मक शैलीमा दुवै पक्षबाट प्रश्न उत्तर वा चुड्के ओंठे जवाफका रूपमा पनि फर्काउने प्रचलन रहिआएको पाइन्छ (काइँला, २०५९, पृ.११४) नेपाली साहित्यको काव्य सँस्कारलाई यसले थप उर्वर बनाएको छ ।

लिम्बु र सुब्बा (२०७३) ले आफ्नो अध्ययनमा पालम गीत र धाननाचको प्रसङ्गलाई एकाकार रूपमा वर्णन गरेका छन् । अध्ययनको निष्कर्षअनुसार जीवन, यौवन, उत्साह, उमङ्ग, सुख, दुःख, प्रेम, विरह, प्रकृति, हौसला, झरना, खोला, हिउँ, फूल, पत्कर, साधुसन्त, गृहस्थी, विभिन्न ऋतु, जन्म र पुनर्जन्म आदिलाई विषय बनाएर गीत रच्ने र भावनाको सम्प्रेषण गर्ने काम नै पालाम मार्फत गरिन्छ । गीतको भाकामा वाद्यवादनका साथ भँगेराको आक्रमणबाट धान लगायतका अन्न बालीलाई बचाउनको निम्ति र समयलाई पनि सुमधुर तालसँगै काट्नको निमित्त प्रेमी र प्रेमिकाहरूकाबिचको नाता सम्बन्ध केलाएर नाता नलाग्ने अवस्थामा गरिने नृत्यलाई धाननाच भनिन्छ (पृ. १०) ।

यस प्रकार विद्वान्हरूको विभिन्न पुस्तक र भनाइका आधारमा धाननाच लिम्बू जाति संस्कृतिमा रहेको एक लोकप्रिय, प्रसिद्ध, सरस र सांस्कृतिक नृत्य विशेषका रूपमा लिइएको पाइन्छ । यस नृत्यमा ख्यालीका माध्यमबाट चुड्के ओंठें जवाफका आधारमा धान नाच्नु पूर्व साइनो सम्बन्ध केलाउने कार्य सम्पन्न गर्ने गरिन्छ । यसरी नाता सम्बन्ध केलाउँदा नाता सम्बन्ध नलागेको खण्डमा तुम्याहाङ (पञ्च भलादमी) को रोहवरमा आफ्नो मनले खाएको र इमान्दार लागेको पुरुषसँग महिलाले र महिलाले पुरुषसँग धाननाच नाच्ने प्रचलन रहिआएको छ । यस नाच नाच्ने क्रममा पालामको भाकासँगै अगाडि बढ्न् र पुनः पालामको

भाकासँगै फर्किएर पछाडि आउने गरिन्छ । धाननाच नाच्दा गाइने पालाम पद्यात्मक रूपमा प्रस्तुत गरिएको हुन्छ । धाननाच नाच्दा गाइने पालाम सुरु गर्दा पुरुष वा महिला जसले पनि सुरुवात गर्न सक्दछन् तर पुरुषले सुरु गरे महिलाले र महिलाले सुरु गरे पुरुषले दोहोरिने भागमा सघाउने चलन रहिआएको देखिन्छ । साथै पुरुष वा महिलाले पालो दिने र लिने तथा सवाल जवाफ दिने वा लिने प्रचलन समेत पाइन्छ । लिम्बू जातिमा रहेको धाननाच केवल मनोरञ्जनका लागि मात्र नभएर सांस्कृतिक उत्सवकै रूपमा मनाउने प्रचलन रहिआएको छ ।

या:लाङ (धाननाच) प्रस्तुत गर्न तुम्याहाङ (पञ्च भलाद्मी) को अनुमति आवश्यक हुने गर्दछ । यसरी नाच्ने क्रममा कहीँ कतै गल्ति गरेमा तुम्याहाङहरूले सिकाई सच्याउन लगाइन्छ । यो नृत्य एकै समयमा सक्नु पर्ने कुनै बाध्यता छैन । यसको लागि बिसाउँदै पुनः नाच्न वा अर्कै समयमा छुट्टै स्थानमा त्यसलाई पूरा गर्न पनि सकिन्छ । थाङबेन मेन्छ्या (युवायुवती) हरूले धाननाच नाच्ने क्रममा पुरुषले वा महिलाले पालो दिएपछि केही समय विश्राम लिने अनि पुनः निरन्तरता दिने चलन समेत रहेको पाइन्छ । लिम्बू जातिले धान नाचलाई एक विशेष संस्कृतिका रूपमा मनाउँदै आइरहेका छन् । यालाङ सुरुगर्नु पूर्व ख्यालीका माध्यमबाट साइनो सम्बन्ध केलाउने कार्य गरिन्छ भने पालामको माध्यमबाट या:लाङ (धाननाच) लाई पूर्णता दिँदै नृत्य प्रस्तुत गर्ने गरिन्छ । घरमा आएका वा विवाह कार्यमा भेला भएका पाहुनाहरूलाई बिदाइ गर्ने क्रममा उनीहरूको ढाकर वा भारी केही परसम्म बोकी पुर्‍याउँदै बिदावारीको धाननाच नाची छुट्टिने चलन छ । यसका प्रमुख अवयवहरूका रूपमा नै ख्याली, पालाम र या:लाङलाई लिने गरिन्छ ।

**ख्याली**

धान नाच्नु पूर्व ख्यालीका माध्यमबाट साइनो सम्बन्ध केलाउने कार्य गर्ने गरिन्छ । ख्याली भन्नाले थाङ्बेन, मेन्छ्या (तन्नेरी, तरुनी) ले बसेर एक अर्कामा बोल्न सुरुवात गर्ने एक माध्यम हो । यसलाई ओंठे जवाफ लिने दिने पनि भनिन्छ । ख्याली नेपालको पूर्व र पश्चिम दुवैतिर अलग-अलग तरिकाबाट गाउने गरिन्छ । पश्चिमी क्षेत्रहरू साविक भेरी, गण्डकी, लुम्बिनी अञ्चलमा केवल मनोरञ्जनका रूपमा मात्र गाउने गरिन्छ तर पूर्वको पाँचथर, तेह्रथुम, धनकुटा, ताप्लेजुङ्ग, इलाम, संखुवासभा, मोरङ्ग, सुनसरी र झापामा भने ख्यालीलाई मनोरञ्जनका साथै धार्मिक र सांस्कृति पर्वका रूपमा मनाउने प्रचलन रहिआएको छ । घरमा पाहुना आउँदा हेनाः ममा (सम्बोधन) गर्दा पनि यसैको माध्यमबाट गर्ने गरिन्छ । यसका साथै शुभकार्यमा पाहुना आउँदा र जाँदा, खाजापानी दिँदा र बिदावारी गर्दा यसैका माध्यमबाट सम्बोधन गर्ने गरिन्छ । अशुभ कार्यमा पाहुनाहरूलाई बिदा गर्दा पनि ख्यालीकै माध्यमबाट सम्बोधन गर्ने परम्परा रहेको छ (तुम्याहाङ, २०५९, पृ.२८) यसको अर्थ ख्याली शुभ र अशुभ दुवै कर्ममा उत्तिकै महत्वपूर्ण छ ।
ख्यालीको उदाहरण यस प्रकार रहेको छ :

**मेन्छ्या (तरुनी)**

ए..कागुनी तुम्से फजुप्सेल्ले
मेखिम्ओ अखे आजुप्सेल्ले ।
तुतुगेन् गर तुम्याहाङ् ए,
नालिगेन् गर थाङ्बेन् साए ।

ए..कागुनी सेत्तै पाक्नाले,
विवाहमा यसरी भेला हुनाले ।
आदरणीय तपाईं बुद्धिजीवि पनि,
तरुण अनि तन्नेरी पनि ।

इक्सादिङ् खाम्बेक् थोङ्गर ए,
तेन्दिङ्रे पान्हाः पोङ्गर ए ।
हुक्सोरे वाफो फोगी लःआ,
ससोत्नु सराङ् चोगी लःआ ।
थेसेक्लयै माकि एख्खुम् साःरुम्
काइनु सोःधोक् चेख्खुम् साःरुम् ।
फाःसेङ्गी फाटाः तिरेबारो,
थिक्ताप्पे पान्हाः इरेबारो ।
सेवारो, सेवारो, सेवारो ।

धरती जमिन जोतिन्छ भने,
तपाईंबाट स्वीकृत हुन्छ भने ।
हातको सोभा खुर्पा उठाउँ भन्छु,
हास खेल ठट्टा गरौं भन्छु ।
एक सुत्ले मकै भाँची हेरौं,
साइनो र सम्बन्ध केलाई हेरौं ।
बाँसको भाटा (राँको) बालेको है,
एक सरो कुरा घुमेको है ।
नमस्कार, नमस्कार, नमस्कार ।

अब जवाफ यसरी फर्काइन्छ :

**थाङ्बेन (तन्नेरी)**

ए..साँघाहिम् चोक्मा फादाङ्मा ए,
सिसागेन् यम्मा आदाङ्मा ए ।
ए..थेसेक्ल्यै माकी एख्खुम् लआ,
काइनु सोधोक् चेख्खुम् लआ ।
ए..आम्बारेन् कुइमा सेत्लिङ्मा,
आम्मारेन् कुइमा हाङ्गाम्मा ।
ए..आम्बारेन् कुम्मा थेगिम्मारो,
आम्मारेन् कुम्मा बेघामारो ।
ए आम्मा पोक्से आङ्देम्बे आ,
आधक्किन् पोक्से पङ्धाक आ ।
ए..सेमिक्ला चेप्तुङ् युरुङ्बारो,
आताजेङ् पान्हाः सुरुङ्बारो ।
ए..फासुङ्दिङ् गर केवारो ए,
हुक्सो ए आम्बी सेवारो ए ।
सेवारो, सेवारो, सेवारो ।

ए..पाहुना घर बनाउनु बाँसको खुट्टिले है,
संसारमा महान् हजुर ठुलीले है ।
ए..एक सुत्ले मकै भाँचौ भन्छु,
साइनो र सम्बन्ध केलाउँ भन्छु ।
ए..मेरो बाबुको बोजू सेत्लिङ हो,
मेरी आमाको बोजू हाङ्गाम हो ।
ए..मेरो बाबुको आमा थेगिम हो,
मेरी आमाको आमा बेघा हो ।
ए मेरी आमा आङदेम्बे है,
मेरो शरीर भो पङधाक है ।
ए..निगालो काटि ल्याएको है,
मेरो कुराकानी सकेको है ।
ए..बाँस जस्तै सलक्क हुनुहुन्छ है,
हातको शोभा अहो नमस्कार है ।
नमस्कार, नमस्कार, नमस्कार ।

**मेन्छ्या (तरुनी)**

ए..हेम्बारी पथाङ् हेप्सुङ्इल्ले,
केताजेङ् पान्हाः खेप्सुङ्इल्ले ।
ए..लाम्धेःले लाम् आन्धेक्नेन् लछ,
काईः सोधोक् आन्धाप्नेन् लछ ।
ए..अम्लारी फूङ्डिन् साखी वारी,
सफ्फा थिक् आल्ल लाखी पारी ।

ए..पछ्यौरा मजेत्रो ओड्दाखेरी,
तपाईंको कुराकानी सुन्दाखेरी ।
ए..दैलोले बाटो नछेक्ने रै'छ,
साइनो र सम्बन्ध नलाग्ने रै'छ ।
ए..सुनाखरी फूललाई केलाउँ लगाउँ,
एकैछिन अब नाचौं गाउँ ।

**पालाम**

पालाम (बोल्ने मेलो/बाटो) लाई धाननाचको प्रमुख अङ्गका रूपमा लिने गरिन्छ । पालाम शब्दको व्युत्पत्ति लिम्बू भाषाको पाः धातुमा लाम प्रत्यय लागेर भएको पाइन्छ । पा भन्नाले बोल्नु र लाम भन्नाले मेलो/बाटो भन्ने हुन्छ । पालामको माध्यमबाट बोल्ने र याःलाङ (धाननाच) नाच्ने गरिन्छ । पालाम गाउँदा पुरुष वा महिला जसले पनि सुरुवात गर्न सक्दछन् । पुरुषले सुरु गरे महिलाले दोहोऱ्याएको भागमा सघाउने र महिलाले सुरुवात गरेको खण्डमा पुरुषले दोहोरिएको भागमा सघाउने चलन छ । नेपाल एक कृषि प्रधान देश रहेकोले अन्नबाली खेतमा पाकेको अवसरमा माक्चेरे पूः (भँगेरा चरा) लगायतका चराहरूले अन्नबाली नाश गरेकाले एक प्रकारको लयमा गाउँका मेन्छ्या थाङ्बेन (तरुनी तन्नेरी) हरूले हात समाएर हा...हा...हा...को भाखामा गीतका माध्यमबाट चरा धपाउने उद्देश्य राखेर यो प्रचलन चलाएको पाइन्छ । यसरी यालाङ खलामा धान थुपारेर हा...हा...हा... भन्दै गीत वा पालाम गाएर धानको रक्षा गर्ने माध्यम नै कालान्तरमा धान नाचका रूपमा विकसित भएको हो भन्ने लोकोक्ति पाइन्छ । पालामको उत्पत्ति र विकासलाई चर्चा गर्दा मानव विकासको क्रमसँगै कृषि युगमा भएको मान्न सकिन्छ । याःलाङ नाच्दा गाइने गीतलाई नै पालाम भनिन्छ र सो गीत गाइने भाखालाई पालाम भाखा पनि भनिन्छ (लिम्बू र सुब्बा, २०७३, पृ.१०) चाहे जस्तो सुकै उद्देश्यबाट सुरू भएपनि यसले एक साँस्कृतिक महत्व झल्काएको छ ।

पालाम भाखाको छन्दात्मक सूत्र अनुसार प्रत्येक श्लोकमा नौ वर्ण रहने व्यवस्था छ । युवा युवतीबिच साइनो सम्बन्ध नलाग्ने अवस्थामा पालाम गाउने र धान नाच्ने प्रचलन रहेको छ । उदाहरणका लागि पालामको नमूना तल प्रस्तुत गरिन्छ :

**थाङबेन (तन्नेरी)**

सेन्छेङ्ला चाग चादुम्मेल्ले,
मेखिम्मो अखे आदुम्मेल्ले ।
आहै..मेखिम्मो अखे आदुम्मेल्ले
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
इक्सारे खाम्बेक् थोङ्गर ए,
आदाङ्मा लाम् तेन्दिङ् पोङ्गर ए ।
आहै..आदाङ्मा लाम् तेन्दिङ् पोङ्गर ए
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
इक्सारे खाम्बेक् आखे थोङ्बे,
आदाङ्मारे निङ्वा आखे पोङ्बे ।
आहै..आदाङ्मारे निङ्वा आखे पोङ्ब
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
खिदोरा अखे वाञ्छिङ् रोए,
सिकुम्दिङ् निङ्वा तङ्सिङ् रोए ।

मङ्सिरमा अन्नबाली पाक्नाले,
विवाहमा यसरी भेट हुनाले ।
लहै..विवाहमा यसरी भेट हुनाले
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
धरती जमिन जोतिन्छ भने,
हजुरबाट स्वीकृति हुन्छ भने ।
लहै..हजुरबाट स्वीकृति हुन्छ भने
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
धरती जमिन कसरी जोतिन्छ ?
हजुरको मन कसो हुन्छ ?
लहै..हजुरको मन कसो हुन्छ ?
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
धागोको त्यान्द्रा यसो हल्लिन्छ है,
तन अनि मन मिल्ला कि है ।

आहै..सिकुम्दिङ् निङ्वा तङ्सिङ् रोए
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
खिदोरा अखे फोञ्छु लआ,
सिकुम्दिङ् निङ्वा तङ्सु लआ ।
आहै..सिकुम्दिङ् निङ्वा तङ्सु लआ
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
फूङ्वा थिक् अखे चाखुम् लआ,
मेम्बाङ्ना पान्हाः फाखुम् लआ ।
आहै..मेम्बाङ्ना पान्हाः फाखुम् लआ
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
च्वाः पुन्दा कुलो साते सारे,
निङ्वारे पान्हाः पाते सारे ।
आहै..निङ्वारे पान्हाः पाते सारे
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
फल्लोकिन् आखेन् इरेबारो,
आदाङ्मे पान्हाः हिरेबारो ।
आहै..आदाङ्मे पान्हाः हिरेबारो
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
सेवारो, सेवारो, सेवारो ।

लहै..तन अनि मन मिल्ला कि है
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
धागोको त्यान्द्रा यसो झुण्ड्याउँ भन्छु,
तन अनि मन मिलाऊँ भन्छु ।
लहै..तन अनि मन मिलाऊँ भन्छु
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
फूल कलश यसो जगाऊँ भन्छु,
नखोलिएको कुराहरू खोलौं भन्छु ।
लहै..नखोलिएको कुराहरू खोलौं भन्छु
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
जरुवा पानीको कुलो डोऱ्याई हेर्नुहोस्,
मनको कुराहरू भनी हेर्नुहोस् ।
लहै..मनको कुराहरू भनी हेर्नुहोस्
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
रोंटे पिङ् कति घुमेको है,
हजुर कुराकानी घुमेको है ।
लहै..हजुर कुराकानी घुमेको है
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
नमस्कार, नमस्कार, नमस्कार ।

यस बिचमा एकै छिन विश्राम लिएर पुनः धाननाचलाई जोड्न पनि सकिन्छ ।

**मेन्छ्या (तरुनी)**

निङ्मुठा हेक्मा निङ्नाम्मिल्ले,
कन् हिम्बा आम्बी इङ्नाम्मिल्ले ।
आहै..यसैमा घर्को इङ्नाम्मिल्ले
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
इक्सारे खाम्बेक् थोङ्गनु ए,
यालाक्मा पान्हाः पोङ्गनु ए ।
आहै..यालाक्मा पान्हाः पोङ्गनु ए
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
खिबेरे कुनुप् साखी लाबे,
नावारा खेम्मा लाखी लाबे ।
आहै..नावारा खेम्मा लाखी लाबे
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..

खरको मुठा काटि खरैको नाम्लोले,
यसैमा घरको लहै नाम सुवास चल्नाले ।
लहै..यसैमा घरको नाम सुवास चल्नाले ।
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
धरती जमिन जोतिन्छ है,
धान नाचको कुराकानी हुन्छ है ।
लहै..धान नाचको कुराकानी हुन्छ है
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
धागोको फुर्को केलाउँ होला,
हेर्दामा सुहाउँदो नाचौं होला ।
लहै..हेर्दामा सुहाउँदो नाचौं होला
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..

इक्सा आङ् होप्ते, खाम्बेक् होप्ते,
केजङ् आङ् होप्ते, सुरित् होप्ते ।
आहै..केजङ् आङ् होप्ते, सुरित् होप्ते
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
तुम्बुन्दिङ् गर, वारङ्  होप्ते,
तरङ्दिङ् गर, ताङ्साङ् होप्ते ।
आहै..तरङ्दिङ् गर, ताङ्साङ् होप्ते
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
तागेरामेन्ले निङ्वा फूः मेन्ले,
इक्सा आङ् चोगु, खाम्बेक् आङ् चोगु ।
आहै..इक्सा आङ् चोगु, खाम्बेक् आङ् चोगु
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
मिसुम्दिङ् गर, मिराक् आङ् चोगु,
नावागेन् गर, चइत् आङ् चोगु ।
आहै..नावागेन् गर, चइत् आङ् चोगु
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
पोरोक्मि मेल्ले, यम्भाप्मी मेल्ले,
मेन्छाम्दिङ् गर, याम्याप्मी चोगु ।
आहै..मेन्छाम्दिङ् गर, याम्याप्मी चोगु
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
थक्साइन् गर पुसाःमु चोगु,
चभःतिन् गर, थुङ्वामु चोगु ।
आहै..चभःतिन् गर, थुङ्वामु चोगु
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
ए सिदीः कुनाम् नाम्मेत्तुम्लो,
मिज्जीरे साम्लो साम्मेत्तुम्लो ।
आहै..मिज्जीरे साम्लो साम्मेत्तुम्लो
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
नाली नु थाङ्बेन् वयेसिन्ने,
मिम्जीयोङ् साम्लो चोगीसिन्ने ।
आहै..मिम्जीयोङ् साम्लो चोगीसिन्ने
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
सुवेञ्छो फङ्ना थाम्दुगर,
कुधेसो नुरिक् खेम्दुगर ।
आहै..कुधेसो नुरिक् खेम्दुगर

धरती पनि थिएन, जमिन थिएन,
हुरी पनि थिएन, बतास थिएन ।
लहै..हुरी पनि थिएन, बतास थिएन
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
पोखरी भनौ भने सागर पनि थिएन,
स्वर्ग भनौ भने आकाश पनि थिएन ।
लहै..स्वर्ग भनौ भने आकाश पनि थिएन
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
बुद्धिजीवि ईश्वरले, मनको भगवानले,
धरती पनि बनायो, जमिन पनि बनायो ।
लहै..धरती पनि बनायो, जमिन पनि बनायो
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
आगोको मुस्लो भनौ भने, आगोको ज्वाला बनायो,
रूपाकृति भनौ भने, प्राणीहरूको स्वरूप पनि बनायो ।
लहै..रूपाकृति भनौ भने, प्राणीहरूको स्वरूप पनि बनायो
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
सृष्टिकर्ता ईश्वरले, सृष्टिदाता भगवानले,
मानव भनौ भने, मान्छे बनायो ।
लहै..मानव भनौ भने, मान्छे बनायो
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
मांसपिण्ड भनौ भने, चरा चुरुङ्गी बनायो,
पानी भनौ भने, पिउने पानी बनायो ।
लहै..पानी भनौ भने, पिउने पानी बनायो
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
ए बेतको चोयाले नाम्लो लाऊँ है,
मायाको भक्ति गीत गाऊँ है ।
लहै..मायाको भक्ति गीत गाऊँ है
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
तरुण र तन्नेरी थिए है,
मायाको कहानी गीत गाए है ।
लहै..मायाको कहानी गीत गाए है
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
तामाको लोटा तात्छ भने,
साच्चै राम्रो सुहाउँछ भने ।
लहै..साच्चै राम्रो सुहाउँछ भने

हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
सिङ्सारा नुवाः लेन्दाए साङ्,
सिकुम्दिङ् निङ्वा मेन्दाए साङ् ।
आहै..सिकुम्दिङ् निङ्वा मेन्दाए साङ्
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
तेँगोसिङ् सारा, लेन्दी लाबे,
निङ्वा मेन्दासाङ् आम्बी सेन्दी लाबे ।
आहै..निङ्वा मेन्दासाङ् आम्बी सेन्दी लाबे
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
सेवारो, सेवारो, सेवारो ।

हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
हाँगा राम्रो लुछिए पनि,
तन मनमा चित्त नबुझे पनि ।
लहै..तन मनमा चित्त नबुझे पनि
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
सिम्बल्को रुखको हाँगा लुछौँ होला,
मन नमाने पनि लहै छुटौं होला ।
लहै..मन नमाने पनि लहै छुटौं होला
हा...हा...मा...हा...हा...हा..हा..मा..हा..
नमस्कार, नमस्कार, नमस्कार ।

माथिका धाननाचको पालामका भाकाहरू अक्सर गरेर शुभ कार्यमा प्रस्तुत गर्ने गरिन्छ । शुभ कार्य भन्नाले विवाह, अन्नबाली थन्काउने अवसरमा, चासोक तङ्नाम, कक्फेक्वा तङ्नाम, हाट बजार, मेलापात, गाउँघरमा पाहुना आएको बखत लगायतका खुशीयाली मनाउने सन्दर्भमा मनोरञ्जनपूर्ण याःलाङ् (धाननाच) नाच्ने प्रचलन छ । त्यसैगरी सांस्कृतिक दृष्टिले पनि याःलाङ् (धाननाच) को विशेष महत्त्व रहेको छ । लिम्बू जाति संस्कृतिमा चासोक तङनाम, कक्फेवा तङनाम लगायतमा मेन्छ्या थाङ्बेन (तरुनी तन्नेरी) हरू भेला भई गोलो घेरामा धान नाच्ने परम्परा रहेको पाइन्छ (काइँला, २०५९, पृ. ११४) परम्परालाई यसप्रकारको नाचले थप ऊर्जा प्रदान गर्नुका साथै भावी पुस्तमा समेत आकर्षण बढेर जाने बुझिन्छ ।

यसरी याः लाङ् (धाननाच) शुभ कार्यमा मात्र नभई अशुभ कार्यमा पनि त्यत्तिकै महत्त्वका साथ प्रस्तुत गर्ने गरिन्छ  तर अशुभ कार्यमा धान नाच सुद्धाइँ अगाडि पाहुना-पाहुनाहरूबिच नाच्ने गरिन्छ । यस क्रममा जुठोमा परेका थाङ्बेन मेन्छ्या (तन्नेरी तरुनी) हरूले काज किरियाको कार्यक्रम समापनपछि मात्र पाहुनाहरूसँग साँगा हिम् (डेरा) मा गई ख्यालीका माध्यमबाट साइनो सम्बन्ध केलाई साइनो सम्बन्ध नलाग्ने भए मात्र धान नाच नाच्ने प्रचलन रहेको छ । यदि साइनो सम्बन्धले छोए वा भेटे ढोग भेट गरेर छुट्टिने चलन छ । साइनो नपरेका व्यक्तिहरूबिच भने धान नाच्ने र माया पिरती समेत मन मिले गाँस्ने प्रचलन रहेको पाइन्छ । यसरी अशुभ कार्यमा पालाम गाउँदा र याःलाङ (धाननाच) नाच्दा यस अवसरको पालामको नमूना यस प्रकार छ :

**थाङ्बेन (तन्नेरी)**

नाभोञ्जि फयङ् नाजुप्सेल्ले,
तुख्खे याम्बक्ओ आजुप्सेल्ले ।
आहै..तुख्खे याम्बक्ओ आजुप्सेल्ले
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
साँगाहिम् चोक्मा फादाङ्मा ए,
हुक्सोगेन् सेवा आदाङ्मा ए ।

माछाको भुरा सेत्तै माछा झुम्मिन्नाले,
दुःखको काममा भेला हुनाले ।
लहै..दुःखको काममा भेला हुनाले
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
पाहुन घर बनाउनु बाँसको खुट्टिलाई,
हातको शोभा नमस्कार हजुरलाई ।

आहै..हुक्सोगेन् सेवा आदाङ्मा ए
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
सिमा नु मामा केवाः बारो,
ससोत्नु सराङ् थिक् सफ्फारो ।
आहै..ससोत्नु सराङ् थिक् सफ्फारो
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
मेबुःरे पित्हाः तङ्दुम् चासे,
थिक् नेत्छी पान् थिक् लुङ्ङा सासे ।
आहै..थिक् नेत्छी पान् थिक् लुङ्ङा सासे
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
माङ्हिम्मो पङ्गे फोदुङ्बारो,
ताजेङ् थिक् अखे तोदुङ्बारो ।
आहै..ताजेङ् थिक् अखे तोदुङ्बारो
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
सेवारो, सेवारो, सेवारो ।

लहै..हातको शोभा नमस्कार हजुरलाई
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
मर्नु र बाच्नु भई आएको है,
हाँस खेल रमाइलो एकै छिन है ।
लहै..हाँस खेल रमाइलो एकै छिन है
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
पाकेको बाली खान फुके गाईहरू,
एक दुई कुरा यसो लुङ्ङा हजुरहरू ।
लहै..एक दुई कुरा यसो लुङ्ङा हजुरहरू
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
मन्दिरमा घण्टी झुण्ड्याएको है,
कुराकानी यसो अर्पेको है ।
लहै..कुराकानी यसो अर्पेको है
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
नमस्कार, नमस्कार, नमस्कार ।

**सेम्मुःईः (छुट्टिने/बिदावारी)**

शुभ वा अशुभ कार्यमा जसरी मुन्धुम (लिम्बू जातिको वेद) मा आधारित रहेर याःलाङ् नाच्ने गरिन्छ । त्यसरी नै सेम्मुःईः (छुट्टिने/बिदावारी) याःलाङ् पनि नाच्ने गरिन्छ । घरमा अन्य भेटघाटका लागि आएका, शुभ वा अशुभ कार्यमा भेला भएका पाहुनाहरूलाई बिदाइ गर्ने क्रममा त्यहीँ अथवा उनीहरूको ढाकर वा भारी केही पर बाटोसम्म बोकी पुऱ्याउँदै बिदावारीको धाननाच नाची अर्को कार्जे, मेलापात वा हाटबजारमा पुनः भेट्ने गरी ढोग भेट गरेर छुट्टिने चलन छ । यसै नाचलाई सेम्मुःईः (छुट्टिने/बिदावारी) याःलाङ् भनिन्छ । यस अवसरमा नाचिने याःलाङ्को श्लोकको नमूना यसप्रकार छ :

**मेन्छ्छा/थाङ्वेन् (तरुनी/तन्नेरी)**

बर्फेक्वा नुबा लेम्मा लाःबा,
लुङ्मा सो पहिम् सेम्मा लाःबा ।
आहै..लुङ्मा सो पहिम् सेम्मा लाःबा
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
हुक्सोरे वाफो आभोगेन्न,
ससोत् नु सराङ् आजोगेन्न ।
आहै..ससोत् नु सराङ् आजोगेन्न
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
चासोक् नु थिसोक् चादुम्मिल्ले,

बरको पात राम्रो लाछ्नु होला,
मुटु खिन्न भएनी छुट्नु होला ।
लहै..मुटु खिन्न भएनी छुट्नु होला
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
हातको शोभा खुर्पा उठाइयो नै,
हाँस खेल रमाइलो गरियो नै ।
लहै..हाँस खेल रमाइलो गरियो नै
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
चाड र पर्व अन्न पाक्दा खेरी,

याः लाखी पारी आदुम्मिल्ले ।
आहै..याः लाखी पारी आदुम्मिल्ले
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
सेमिक्ला कक्किन् कुयुङ्बारो,
थिक्ताप्पे ताजेङ् सुरुङ्बारो ।
आहै..थिक्ताप्पे ताजेङ् सुरुङ्बारो
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
सेवारो...सेवारो...सेवारो.....।

धान नाचौं गाउँ भेट्दा खेरी ।
लहै..धान नाचौं गाउँ भेट्दा खेरी
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
निगालो भारी बोकेको है,
एक्सरो कुरा सकेको है ।
लहै..एक्सरो कुरा सकेको है
हा...हा...मा...हा...हा...हा..हा..मा..दुङ्..
नमस्कार, नमस्कार, नमस्कार ।

## निष्कर्ष

लिम्बू जातिको संस्कृतिमा धान तथा अन्नबाली बचाउने उद्देश्यले यस नाचको शुभारम्भ भएको मानिन्छ । समयको क्रमसँगै यस नाचको वृद्धि र विकास हुँदै आज यसले व्यापकता प्राप्त गरेको छ । प्रारम्भमा भँगेरा लगायतका चराचुरुङ्गीबाट अन्न बालीलाई बचाउने अभिलाषाले गोलबन्द भई गीतसँगै नाच्दै समय बिताउने उद्देश्यका साथ यस नाचको थालनी भएको पाइन्छ । अहिले यस नाचले अन्न बाली बचाउने सन्दर्भमा मात्र नभएर शुभ र अशुभ सबै कर्महरूमा याःलाङ् नाच्ने प्रचलन रहेको छ । यस नृत्यका लागि ख्यालीका माध्यमबाट साइनो सम्बन्ध केलाई साइनो सम्बन्ध नलागेको खण्डमा विवाहित र अविवाहित सबैले याःलाङ् नाच्ने चलन छ । यसरी साइनो सम्बन्ध केलाउँदा साइनो सम्बन्ध लागेमा ढोग भेट गरेर छुट्ने चलन समेत रहेको छ । पालाम तन्नेरीले थालेको भए तरुनीले र तरुनीले थालेको भए तन्नेरीले पालामको दोस्रो पङ्क्ति सामुहिक रूपमा गाएर सघाउने प्रचलन रहेको छ ।

याःलाङ समय क्रमसँगै विकसित हुँदै लिम्बू जातिको महत्त्वपूर्ण सांस्कृतिक धरोहरका रूपमा प्रचलित भएको छ । चासोक तङनाम, कक्फेक्वा तङ्नाम लगायतका पर्वहरूमा युवायुवती भेला भएर ख्यालीका माध्यमबाट साइनो सम्बन्ध केलाई पाःलाम् गाउँदै याःलाङ् नाच्ने गरिन्छ । त्यसरी नै तेन्दिङ मेखिम (विवाह) कर्मको अवसरमा वर वधु दुवै पक्षका थाङ्बेन मेन्छ्या भेला भएपछि रमाइलो गर्दै संस्कृति बचाउने उद्देश्यले हात समाई याःलाङ् नाचिन्छ । दशगात्र कर्मको सुद्धाइँ कार्य पनि याःलाङ् नाच्ने प्रचलन रहिको आएको छ । साथै मेला पात र हाट बजारमा पनि थाङ्बेन मेन्छ्या (तन्नेरी तरुनी) भेट भएको बखत याःलाङ नाच्ने गरिन्छ । शुभ कार्य र अशुभ कार्यमा याःलाङ (धाननाच) नाच्दा ख्याली र पालाम फरक-फरक हुने गरेको पाइयो । याःलाङ नाच्ने क्रममा सेम्मुःई याःलाङ पहुनाहरूको ढाकर अलि परसम्म बाटोमा पुऱ्याएर नाच्ने चलन छ । यसरी याःलाङ नाच्ने क्रममा पुनः भेटघाट गर्ने अपेक्षाका साथ छुट्ने गरिन्छ र पुनः भेटघाट गरेर याःलाङ नाच्ने भनि वाचा गर्ने पनि चलन छ ।

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक मुलुक भएको हुँदा यहाँका हरेक जातजातिको आ-आफ्नै प्रकारका सांस्कृतिक अनुष्ठान एवम् चाड रहेका छन् । अनेकतामा एकता रहनु नेपालीको महत्त्वपूर्ण विषेशता हो । एउटा कुनै जातविशेषले मनाउने चाड पर्वमा अर्को जातिले अत्यन्त हार्दिकतापूर्वक साथ र

सहयोग दिनु पनि नेपालीको अर्को विशेषता हो । धाननाच आज लिम्बू जातिको मात्र निजी नबनेर पूरै नेपाली समुदायको एउटा महत्त्वपूर्ण उत्सवको रूपमा मनमस्तिष्कभित्र पस्न सक्नु याःलाङको आफ्नै महत्त्वपूर्ण विशेषता हो ।

## सन्दर्भ सूची


काइँला, बैरागी (२०५९), *लिम्बू-नेपाली-अङ्ग्रेजी शब्दकोश,* नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

चेम्जोङ, इमानसिंह (२०५९), *लिम्बू-नेपाली-अङ्ग्रेजी शब्दकोश,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

चेम्जोङ, इमानसिंह (२०६७), *लिम्बू-नेपाली-अङ्ग्रेजी शब्दकोश,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

तुम्याहाङ, अमर (२०५९), *लिम्बू साहित्य निर्माणको इतिहास,* याक्थुङ साप्सक अकादमी ।

थापा, रामजी (रोचक) (२०७८), *संस्कृति नेपाली लोकनाच विशेष,*

थाम्सुहाङ, यलम्बर (मिक्वा) (२०५८), *लिम्बू छन्दहरू,* रूपनारायण लावती ।

थेबे, अमृता (२०७२ सम्पादन) लिम्बुवान महिला आन्दोलन, सङ्घीय लिम्बुवान महिला परिषद लिम्बुवान, नेपाल ।

नेपाल कानुन व्यवस्था समिति (२०७२), *नेपालको संविधान, २०७२,* नेपाल कानुन व्यवस्था समिति ।

नेपाल प्रज्ञा-प्रतिष्ठान (२०६७), *नेपाली बृहत शब्दकोश,* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

फक्ताङ्लुङ (२०७१), *हस्तपुर यक यङ्हाङ राजाहरूको संक्षिप्त इतिहास,* अमरदीप छापाखाना ।

बन्धु, चुडामणि (२०७१), *नेपाली लोकसाहित्य,* एकता बुक्स ।

बराल, भवानी र तिगेला, कमल (२०६४), *लिम्बुवानको राजनीति : इतिहास, वर्तमान र दस्तावेज,* भानेन्द्रकुमार लिम्बू ।

लिम्बू, झुमा र सुब्बा, विक्रम (२०७३), *मुन्धुम सङ्गीतको आधार* (अप्रकाशित शोध लेख), किरात याक्थुङ, चुम्लुङ ।

हेल्लोक, मनिष (२०७३), *किरात-लिम्बुवानको संक्षिप्त इतिहास :* आबृत्ति छापाखाना ।

khabarhub.com